नेपाल नागरिक उड्डयन प्राधिकरण
गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय
सिद्धार्थनगर, रुपन्देही
फोन नं: ०७१-५९७०२६

आन्तरिक टर्मिनल भवनको चेक ईन एरियामा
Fresh Juice, Lassi, Fresh Cut Fruits
बिक्री पसल सञ्चालन गर्ने सम्बन्धी
खुला बोलपत्र आव्हानको सूचना
(प्रथम पटक सूचना प्रकाशित मिति: २०८२/११/२७ गते)

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिक टर्मिनल भवनको चेक ईन एरियामा कार्यालयले तोकेको ११.३३(एघार दशमलव तेत्तीस) वर्गमिटर क्षेत्रफलको स्थानमा Fresh Juice, Lassi, Fresh Cut Fruits बिक्री पसल सञ्चालनको लागि ५(पाँच) वर्ष अवधिको न्यूनतम ठेक रकम रु.२२,७३,९३१/-(अक्षरुपी: बाईस लाख तिरत्तर हजार नौ सय एकतिस रुपैया) कायम गरी बढाबढ प्रक्रियाद्वारा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले सम्बन्धित निकायबाट जुस पसल/फलफुल पसल/होटल/रेष्टुरेन्ट/चमेनागृह सेवा सम्बन्धी कारोबार गर्न इजाजत प्राप्त गरेका इच्छुक फर्म/कम्पनीले तोकिएको शर्तहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले २१औं दिन(२०८२/१२/१७ गते) भित्र नेपाल नागरिक उड्डयन प्राधिकरणको नाममा राष्ट्रिय वाणिज्य बैंक लिमिटेडमा रहेको खाता नंम्बर:१०९०१०००६४९१७००१ मा रु.३३९०/- जम्मा गरी सोको सक्कल भौचर तथा अन्य तोकिएका कागजात पेश गरी कार्यालय समयमा बोलपत्र खरिद गरी २२औं दिन(२०८२/१२/१८ गते) को १२:०० बजे भित्र यस कार्यालयको कर्पोरेट शाखामा बोलपत्र दाखिला गरिसक्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै बोलपत्र सम्बन्धी विस्तृत सूचना यस कार्यालयको website: gbia.caanepal.gov.np तथा नेपाल नागरिक उड्डयन प्राधिकरणको website: caanepal.gov.np मा समेत उपलब्ध छ ।

नेपाल नागरिक उड्डयन प्राधिकरण
गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय
सिद्धार्थनगर, रुपन्देही
फोन नं: ०७१-५९७०२६
आन्तरिक टर्मिनल भवनको चेक ईन एरियामा
Fresh Juice, Lassi, Fresh Cut Fruits
बिक्री पसल सञ्चालन गर्ने सम्बन्धी
खुला बोलपत्र आव्हानको सूचना
(प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/११/२७ गते)

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिक टर्मिनल भवनको चेक ईन एरियामा कार्यालयले तोकेको ११.३३(एघार दशमलब तेत्तीस) वर्गमिटर क्षेत्रफलको स्थानमा Fresh Juice, Lassi, Fresh Cut Fruits बिक्री पसल सञ्चालनको लागि ५(पाँच) वर्ष अवधिको न्यूनतम ठेक रकम रु.२२,७३,९३१/-(अक्षरुपीः बाईस लाख तिरत्तर हजार नौ सय एकतिस रुपैया) कायम गरी बढाबढ प्रक्रियाद्वारा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले सम्बन्धित निकायबाट जुस पसल/फलफुल पसल/होटल/रेष्टुरेन्ट/चमेनागृह सेवा सम्बन्धी कारोबार गर्न इजाजत प्राप्त इच्छुक फर्म/कम्पनीले निम्न शर्तहरुको अधीनमा रही बोलपत्र फारम पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

शर्तहरु

१. यो सूचना प्रकाशित भएको मितिले २१औं दिन(२०८२/१२/१७ गते) भित्र नेपाल नागरिक उड्डयन प्राधिकरणको नाममा राष्ट्रिय वाणिज्य बैंक लिमिटेडमा रहेको खाता नंम्बर १०९०१०००६४९१७००१ मा रु.३३९०/-(अक्षरुपीः तीन हजार तीन सय नब्बे रुपैया) मूल्य अभिवृद्धि कर सहित (पछि फिर्ता नहुने) दाखिला गरी सोको सक्कल बैंक भौचर कार्यालयमा पेस गरी प्राप्त रसिद, लिखित निवेदन, फर्म/कम्पनी दर्ता प्रमाणपत्र(नविकरण/अद्यावधिक सहित)को प्रतिलिपि, PAN/VAT दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व.२०८१/८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, व्यवसाय सञ्चालन गर्ने काम कारबाहीमा भाग लिन अयोग्य नभएको, आफूले यस सम्बन्धमा सजाय नपाएको वा कालोसूचीमा नपरेको भनी लिखित रुपमा गरेको स्वघोषणापत्र र बाँकी बक्यौता नरहेको व्यहोराको पत्र यस कार्यालयको राजश्व इकाईबाट लिई कर्पोरेट शाखामा पेस गरी बोलपत्र फारम खरिद गर्न सकिनेछ।

२. बोलपत्र फारम सूचना प्रकाशित भएको मितिबाट २१औ(२०८२/१२/१७ गते) दिनको कार्यालय समयभित्र खरिद गरी २२औं दिन(२०८१/१२/१८ गते) को १२:०० बजेभित्र कार्यालयको कर्पोरेट शाखामा दाखिला गरिसक्नुपर्नेछ। दाखिला हुन आएका बोलपत्रहरु सोही दिनको २:०० बजे सम्बन्धित बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ। सो दिन बोलपत्रदाताको तर्फबाट अख्तियारी पत्र सहित प्रतिनिधि उपस्थित हुनुपर्नेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए तापनि बोलपत्र खोल्न बाधा पर्नेछैन। बोलपत्र खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो पछिको लगत्तै कार्यालय खुलेको दिन सोही समय र स्थानमा बोलपत्र खरिद र दर्ता गरिनेछ।

३. बोलपत्र पेस गर्दा बोलपत्रसाथ फर्म/कम्पनी दर्ता प्रमाणपत्र(नविकरण/अद्यावधिक सहित) को प्रतिलिपि, PAN/VAT दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व.२०८१/८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हकमा प्रबन्धपत्र र नियमावलीको प्रतिलिपि, बोलपत्र जमानत रकम रु.१,१३,६९६/- Gautam Buddha International Airport CAO-SEC को नाममा Himalayan Bank Ltd., Buddhachowk Branch मा रहेको धरौटी खाता नं: १२०५४२५४३०००७७ मा दाखिला गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको कार्यालयको नाममा 'क' वर्गको वाणिज्य बैंकबाट जारी भएको कम्तिमा १८० दिन(बोलपत्र खोल्ने मितिबाट) मान्य अवधि भएको सक्कल बैंक ग्यारेण्टी, सम्पूर्ण सञ्चालकहरु र बोलपत्र सम्बन्धी कागजातमा हस्ताक्षर गर्ने आधिकारिक व्यक्तिको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, बोलपत्र प्रक्रियामा सहभागिता जनाउने सम्बन्धमा र बोलपत्र सम्बन्धी कागजातमा हस्ताक्षर गर्न अख्तियारी दिने सम्बन्धमा भएको फर्म/कम्पनीको सञ्चालक समिति(Board of Directors) को निर्णय र बोलपत्र सम्बन्धी कागजातमा हस्ताक्षर गर्न प्राप्त अख्तियारीनामा पत्र समेत पेस गर्नुपर्नेछ।



नेपाल नागरिक उड्डयन प्राधिकरण २०५५ CAAN 1998 CIVIL AVIATION AUTHORITY OF NEPAL गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय सिद्धार्थनगर, रुपन्देही

४. छनौट भएको बोलपत्रदाताले तोकिएको स्थानमा अनिवार्य रुपमा आफ्नै खर्चमा मर्मत तथा रंगरोगन गर्नुपर्नेछ । बोलपत्रदातालाई सम्झौता भएको मितिदेखि १५(पन्ध्र) दिनको तयारी म्याद दिइनेछ । तयारी म्याद समाप्त भए पश्चात बहाल रकम र सम्झौताको अवधि गणना गरिनेछ ।

५. विमानस्थल सेवा शुल्क नियमावली २०७८ को नियम ४४(३) बमोजिम बोलपत्रदाताले सम्झौताको समयमा कुल ठेक्का रकमलाई वार्षिक किस्ता कायम गरी प्रत्येक वर्षको एकमुष्ट बहाल रकम अग्रिम भुक्तानी गर्न मन्जुर गरेमा त्यस्तो अग्रिम भुक्तानी रकममा पाँच प्रतिशतसम्म छुट दिइनेछ ।

६. दोस्रो वर्षदेखि प्रत्येक वर्ष बहाल रकममा नेपाल राष्ट्र बैंकले निर्धारण गरेको मूल्यवृद्धि सूचकांकको अनुपातमा स्वतः वृद्धि हुनेछ र सोही अनुरुप कायम हुन आउने बहाल रकम बुझाउनुपर्नेछ ।

७. प्राधिकरण तथा मातहतका विमानस्थल नागरिक उड्डयन कार्यालयलाई बुझाउनुपर्ने बाँकी बक्यौता रहेका व्यक्ति, फर्म/कम्पनीहरुले बोलपत्रमा भाग लिन पाउने छैनन् ।

८. दाखिला गर्ने बोलपत्रको खाम सिलबन्दी गरी खाम बाहिर Fresh Juice, Lassi, Fresh Cut Fruits बिक्री पसल सञ्चालन गर्ने सम्बन्धी बोलपत्र लेखी श्री गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयलाई सम्बोधन गरी कार्यालयको कर्पोरेट शाखामा दर्ता गराउनुपर्नेछ ।

९. बोलपत्रको दररेट भर्दा अंक र अक्षर दुवैमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

१०. रीत नपुगी, म्याद नाघी, शर्तसहित पेस भएको वा तोकिएको कागजात पेस भई नआएको बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।

११. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

१२. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

१३. सम्झौता अवधिमा विमानस्थल सेवा शुल्क नियमावली, २०७८ मा कुनै संशोधन भएमा संशोधित व्यवस्था लागू हुनेछ । यसरी संशोधन हुँदा शुल्क/दस्तुरमा परिवर्तन आएमा परिवर्तित दस्तुर लागू हुनेछ ।

१४. यस सूचनामा नपरेका अन्य विषयहरु विमानस्थल सेवा शुल्क नियमावली, २०७८ तथा प्रचलित ऐन, कानून बमोजिम हुनेछ ।